रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ७ मिति : २०८०/०३/१५

## भाग २

# रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा नियमावली,२०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले रंगेली नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८(१) बमोजिम नगरकार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकाको शिक्षा नियमावली (पहिलो संशोधन), २०८०

नगर कार्यपालिका बाट स्वीकृत मितिः २०८०/०३/०५

**रंगेली नगरपालिकाको शिक्षा नियमावली (पहिलो संशोधन), २०८०**

**प्रस्तावनाः** रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८(१) को अधिकारले संशोधन तथा थप गरी नगर कार्यपालिकाबाट शिक्षा नियमावली जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम " रंगेली नगरपालिकाको शिक्षा नियमावली (पहिलो संशोधन), २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० मा संशोधनः**

(१) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को दफा ५ को ३ मा देहाय बमोजिम थपिएको छ।

५ (३) यसरी अनुमति दिँदा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ । विद्यालय वा तह अनुमति दिँदा एक पटकमा एउटा कक्षा मात्र अनुमति प्रदान गर्नुपर्नेछ । नयाँ स्थापना हुने संस्थागत विद्यालय कम्पनी ऐन अन्तर्गत स्थापना गर्न पाइने छैन ।

(२) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ३० को १ मा देहाय बमोजिम थपिएको छ।

३०(१) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै दाजु दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई प्रचलित नियम बमोजिम संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्न प्रयोजनको विद्यार्थीको बाबु आमा बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ ।

(३) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ३३(२) विद्यालय विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा खण्ड "ठ" पछि देहायको खण्ड थप गरिएको छ।

(ड) शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ढ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने, र सो कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लेखित कार्यमा मात्र खर्च गर्ने।

(ण) नगरपालिका र शिक्षा शाखाले माग गरेका विवरण पेश गर्ने वा गर्न लगाउने ।

(४) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ३५ को २ पछि ३ थप गरिएको छ।

(३) पाठ्यसामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाई लागू गर्नेछ ।

(५) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ५० को २ लाई देहाय बमोजिम थप गरि संशोधन गरिएको छ।

५०(२) आधारभूत तहको कक्षा पाँच सम्मको विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा प्रवीणता प्रमाण पत्र तह वा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए शिक्षा शास्त्र संकायमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए शिक्षा शास्त्र संकायमा कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरी, कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको मध्येबाट विद्यालय विकास प्रस्ताव माग गरी नगर शिक्षा समितिबाट निर्धारित छनौटका आधार बमोजिम तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णय बमोजिम पाँच वर्षको लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।प्रधानाध्यापक छनौटका आधार अनुसूचि १६ बमोजिम हुनेछ ।

(६) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ५४ मा ५४ पछि देहाय बमोजिम ५४ क र ५४ ख थप गरिएको छ।

**५४(क) करारमा शिक्षण सहयोगी नियुक्ति सम्बन्धि व्यवस्थाः**

१. करारमा शिक्षण सहयोगी नियुक्ति गर्दा उक्त विषयमा स्थायी पदपूर्ति नभए सम्म एक पटकमा ६ महिनामा नबढाइ म्याद थप गर्न सकिनेछ ।

२. शिक्षण सहयोगीको करार सम्झौता तथा म्याद थप प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

३. करारमा शिक्षण सहयोगी नियुक्तिका लागि गरिएको विज्ञापनको सूचना नगरपालिका वडा कार्यालयमा टाँस गरी वेभसाइटमा समेत राख्नुपर्नेछ

**५४(ख) करारमा कर्मचारी नियुक्ति सम्बन्धि व्यवस्थाः**

१. करारमा कर्मचारी नियुक्ति गर्दा उक्त पदमा स्थायी पदपूर्ति नभए सम्म एक पटकमा ६ महिनामा नबढाइ म्याद गर्न सकिनेछ ।

२. कर्मचारीको करार सम्झौता तथा म्याद थप वि व्य स को निर्णय अनुसार प्रधानाध्यापकले गर्नेछ

३. करारमा कर्मचारी नियुक्तिका लागि गरिएको विज्ञापनको सूचना नगरपालिका वडा कार्यालयमा टाँस गरी वेभसाइटमा समेत राख्नुपर्नेछ ।

४. करारमा कर्मचारी छनौट गर्नका लागि विद्यालयको आवश्यक्ता र अवस्था अनुसार देहाय बमोजिम हुनेछ ।

क. माध्यमिक विद्यालयको लागि विद्यालय सहायक कर्मचारी छनौट गर्दा लिइने परीक्षाको पाठ्यक्रम नगरपालिकाले तयार गर्नेछ । यसका लागि १०० पूर्णाङ्कको लिखित परीक्षा र २५ पूर्णाङ्कको अन्तरवार्ता परीक्षा संचालन गरिनेछ । अन्तरवार्तामा स्थानीय वापत ५ अंक (पालिका भित्रका उम्मेद्वारलाई ५ अंक, जिल्ला भित्र उम्मेद्वारलाई ३ अंक र जिल्ला बाहिरका उम्मेद्वारलाई १ अंक) विषय वस्तुको ज्ञान १५ अंक व्यक्तित्व वापत ५ अंक गरी जम्मा २५ पूर्णाङ्क को परीक्षा संचालन गरिनेछ ।

ख. आधारभूत तथा माध्यमिक विद्यालयको विद्यालय सहयोगी छनौट गर्नका लागि अन्तरवार्ताको माध्यमबाट मात्र गरिनेछ । कर्मचारीका लागि लिइने अन्तरवार्तामा स्थानीय वापत ५ अंक (पालिका भित्रका उम्मेद्वारलाई ५ अंक, जिल्ला भित्र उम्मेद्वारलाई ३ अंक र

जिल्ला बाहिरका उम्मेद्वारलाई १ अंक) विषय वस्तुको ज्ञान १५ अंक व्यक्तित्व वापत ५ अंक गरी जम्मा २५ पूर्णाङ्कको परीक्षा संचालन गरिनेछ ।

आज्ञाले
श्री ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत